# प्रधानमन्त्री रोजगार कार्यक्रमको वार्षिक प्रगति प्रतिवेदन, २०८१

**के.आई.सिंह गाउँपालिका**

गाउँ कार्यपालिकाको कार्यालय

रोजगार सेवा केन्द्र

वायल, डोटी,

सुदूरपश्चिम प्रदेश, नेपाल

**प्रकाशक**


के.आई.सिंह गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रोजगार सेवा केन्द्र
वायल, डोटी,
सुदूरपश्चिम प्रदेश, नेपाल
*वेभसाईट:www.kisinghmun.gov.np*
*इमेल: kisingh.rm@gmial.com*
*फोन:९८५८४२३०९०*



**रोजगार सेवा केन्द्र**
*फोनः९८४८७८२३२४,९८६८७२८००४,९८६८६७३७२४*

# प्रतिवेदन सारांश

नेपालको संविधानको धारा ३३ ले रोजगारीको हकलाई मौलिक हकको रुपमा समावेश गरेको अवस्थामा सो मौलिक हकको कार्यान्वयन गर्न रोजगारी हक सम्वन्धि ऐन, २०७५ र रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ जारी भएको छ। उक्त ऐनले प्रत्येक स्थानीय तह मातहत रहने गरि रोजगार सेवा केन्द्रको स्थापना भई बेरोजगारहरुको गरिएको थियो।

यस गाउँपालिकामा कुल १०३४ जना बेरोजगार ब्यक्तिहरु सूचीकृत भएका थिए। सूचीकृत बेरोजगार ब्यक्तिहरुलाई न्यूनतम रोजगारीमा समावेश गर्न युवा रोजगरीको लागि रुपान्तरण पहल परियोजना सञ्चालन गर्न रु. २६ लाख ७२ हजार रुपैया र कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन गर्न रु. २३ लाख ८० हजार बजेट विनियोजन गरिएको थियो। बेरोजगार व्यक्तिहरुलाई रोजगारीमा सामिल गराउन युवारुप (विश्व बैंक) अन्तर्गत ४ वटा र प्रधानमन्त्री रोजगार कार्यक्रम (नेपाल सरकार) अन्तर्गत ४ वटा गरी कुल ८ वटा रोजगारमुलक आयोजनाहरु सञ्चालन गरिएको थियो। यस गाउँपालिकाको सबै वडाहरुलाई समेटने गरी आयोजनाहरुको संचालन तथा कार्यान्वयन गरिएको थियो। जसमा वडा नं. १, ४ र ५ मा युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना अन्तर्गतका आयोजनाहरु कार्यान्वयन गरीएका थिए भने वडा नं.२,३,६ र ७ मा नेपाल सरकार श्रोतबाट प्राप्त बजेटबाट आयोजनाहरुको कार्यान्वयन गरिएको थियो।

यस आर्थिक वर्षमा पालिका भरी ८ वटा आयोजना सम्पन्न भएका थिए जसमा ४० जना IDA श्रोत र ३५ जना नेपाल सरकार श्रोत अन्तर्गत ७५ जना व्यक्तिहरुले औषतमा ९८ दिन बराबरको रोजगारी प्राप्त गरेका हुन। रोजगारी प्रप्त गर्नेहरुमा सबैभन्दा बढी दलित समुदायबाट र सबैभन्दा कम आदिबासी जनाजाती समुदायबाट सहभागि भएका थिए।

विरेन्द्र सिह साउद
रोजगार संयोजक

## १. पृष्ठभूमि (Background)

नेपालको संविधानको धारा ३३ मा मौलिक हकको रुपमा प्रत्येक नेपाली नागरिकलाई रोजगारीको हक हुनेछ भने भएको व्यवस्थालाई कार्यान्वयन गर्न बनेको रोजगारीको हक सम्बन्धी ऐन, २०७५ बमोजिम प्रत्येक नेपाली नागरिकलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्नका लागि आन्तरिक रोजगारीका अवसरहरु सृजना गर्न नेपाल सरकारले प्रधानमन्त्री रोजगार कार्यक्रम ल्याएको हो। सरकारले आर्थिक वर्ष २०७५/७६ को नीति तथा कार्यक्रम र बजेट मार्फत सार्वजनिक विकास निर्माणका कार्यहरूमा रोजगारीका अवसरहरु सिर्जना गरी आगामी पाँच वर्ष भित्रमा कुनै पनि नेपाली नागरिक वाध्यताले वैदेशिक रोजगारीमा जानु पर्ने अवस्थाको अन्त्य गर्ने घोषणा गरेको थियो। सो अनुसार वि.सं. २०७५ फाल्गुन १ गते सम्मानीय प्रधानमन्त्रीज्यूले प्रधानमन्त्री रोजगार कार्यक्रमको शुभारम्भ गर्नुभएको थियो|

नेपालको संविधानको धारा ३३ ले प्रत्येक नागरिकलाई रोजगारीको हक, रोजगारी छनौट गर्न पाउने हक, धारा ३४ ले प्रत्येक व्यक्तिलाई उचित श्रम अभ्यास गर्न पाउने हक तथा धारा ४३ ले सामाजिक सुरक्षाको हकलाई मौलिक हकको रुपमा सुनिश्चितता गरेको छ। त्यस्तै राज्यका निर्देशक सिद्धान्त तथा नीति अन्तर्गत धारा ५१ (राज्यका नीतिहरु) को (झ) मा सबैले काम गर्न पाउने अवस्था सुनिश्चित गर्दै देशको मुख्य सामाजिक आर्थिक शक्तिको रूपमा रहेको श्रमशक्तिलाई दक्ष र व्यावसायिक बनाउने र स्वदेशमा नै रोजगारी अभिवृद्धि गर्ने, श्रमिकको आधारभूत अधिकार सुनिश्चित गर्दै सामाजिक सुरक्षा प्रत्याभूत गर्ने, श्रमिक र उद्यमी व्यवसायी बीच सुसम्बन्ध कायम गर्ने, वैदेशिक रोजगारीबाट आर्जन भएको पूँजी, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने संवैधानिक व्यवस्था रहेको छ। रोजगारीको हक सम्बन्धी ऐन, २०७५ मा बेरोजगार व्यक्तिलाई न्यूनतम् एक सय दिनको रोजगारीको व्यवस्था गरिएको छ।

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ ले प्रत्येक स्थानीय तहको मातहतमा रही बेरोजगार व्यक्तिहरुको सूचना संकलन, पहिचान र सूचीकरण, रोजगारीका अवसरहरुको पहिचान र सूचना प्रवाह, रोजगारदाताको लागि श्रमिक उपलब्धताको जानकारी तथा रोजगार सम्बन्धी अन्य सेवा प्रदान गर्ने गरी रोजगार सेवा केन्द्रको स्थापना हुने व्यवस्था अनुसार परोहा गाउँपालिकामा विधिवत रुपमा मिति २०७५ फाल्गुन २६ गते रोजगार सेवा केन्द्रको स्थापना भएको हो। प्रधानमन्त्री रोजगार कार्यक्रममा आबद्ध हुन हरेक वर्षको फाल्गुन महिनामा सूचीकृत हुन निवेदन दिनु पर्ने प्रावधान छ। रोजगारीको हक सम्बन्धी ऐन, २०७५ ले रोजगार सेवा केन्द्रमा सूचीकृत भएका बेरोजगार व्यक्तिहरूलाई एक आर्थिक वर्षमा न्यूनतम एक सय दिनको रोजगारीको प्रत्याभूति गरिने व्यवस्था गरेको छ। यसरी सूचीकृत भएका बेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारी सुनिश्चित गर्न व्यवसायिक कृषि, सिंचाई, खानेपानी, सरसफाई, नदी नियन्त्रण, वन, पर्यटन, यातायात, पूर्वाधार लगायतका अन्य सार्वजनिक निर्माण कार्यमा रोजगारी प्रदान गरिने छ। प्रधानमन्त्री रोजगार कार्यक्रमले यी कामहरुको अलावा बेरोजगार व्यक्तिहरुको लागि रोजगार सेवा तथा सहायता, बेरोजगार व्यक्तिहरुको क्षमता अभिवृद्धि तथा स्वरोजगारी, रोजगारी सृजनामा नीजि क्षेत्रहरुसँग सहकार्य र समन्वय समेत गरिनेछ।

रोजगारी श्रृजना गर्दा सार्वजनिक क्षेत्रका विकास निर्माण सम्बन्धी कार्यक्रम तथा आयोजनाहरूमा श्रमिकको माग हुने र माग बमोजिमका श्रमिकहरूको आपूर्ति रोजगार सेवा केन्द्र मार्फत हुने भई सबै स्थानीय तहमा श्रमको माग र आपूर्तिको औपचारिक संयन्त्रको समेत विकास हुनेछ। यस्तो संयन्त्रले स्थानीय स्तरमा निजी, सहकारी तथा गैर सकारी क्षेत्रमा हुने श्रमिकको माग र आपूर्ति बीचमा सहजीकरण र संयोजनको भूमिका समेत निर्वाह गर्नेछ। प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत निजी, सहकारी तथा गैर सरकारी क्षेत्रसंग समेत समन्वय र सहकार्य गरी ती क्षेत्रहरुमा थप रोजगारीका अवसर सिर्जना गरिनेछ। श्रमिकमा हुने क्षमता तथा सीप अभावका कारणले बजारमा देखिएको श्रमिकको माग र आपूर्तिका बीचमा अन्तरलाई कम गर्न यस कार्यक्रम अन्तर्गत श्रमिकको क्षमता तथा सीप विकास तालिम कार्यक्रमहरु समेत संचालन गरिनेछन। बेरोजगार व्यक्तिहरुले आफूसंग भएको सोच, सीप र अनुभवका आधारमा स्वारोजगार हुन चाहेमा आवश्यक पर्ने सीप तथा उद्यमशीलता अभिवृद्धि गर्न उद्यशीलता तालिम प्रदान गर्ने र उद्यमको अवधारणाको मूल्यांकनका आधारमा सहुलियतपूर्ण ऋण सहायता उपालब्ध गराउने व्यवस्था समेत यस कार्यक्रम मार्फत गरिनेछ।

नेपालको संघीय संरचना तीन तहको रहेको छ। तीनै तहका सरकारहरूलाई श्रम तथा रोजगारी सम्बन्धी संवैधानिक अधिकार प्राप्त छ। तीनै तहका सरकार अन्तर्गतका निकायहरूबाट सार्वजनिक विकास निर्माण सम्बन्धी कार्यक्रम तथा आयोजनाहरू संचालन हुने गरेका छन्। यसरी विभिन्न तहका सरकार र निकायहरूबाट सञ्चालन हुने विकास निर्माण सम्बन्धी कार्यक्रम तथा आयोजनाहरू बीच समन्वय र सहकार्यको कमीले गर्दा रोजगारी सिर्जना प्राथमिकतामा नपरेको देखिन्छ।

## २. कार्यक्रमको दीर्घकालिन सोंच

आनतरिक रोजगारी प्रवर्द्धन गर्दै ज्ञान, सीप र क्षमतायुक्त प्रतिस्पर्धी श्रमशक्तिको विकास र उत्पादनशील आन्तरिक रोजगारी सिर्जना मार्फत श्रमशक्तिको स्वदेशमै पूर्ण उपयोग गरी आर्थिक समृद्धि हासिल गर्न *"सबैका लागि रोजगारीको प्रत्याभूति मार्फत नागरिकको जीवनस्तरमा सुधार ल्याउनु "* यस कार्यक्रमको दीर्घकालीन सोच रहेको छ।

## ३. कार्यक्रमको लक्ष्य

प्रधानमन्त्री रोजगार कार्यक्रमले स्वदेशमा नै रोजगारीका अवसरहरु सृजना गरि आगामी ५ वर्ष भित्र वैदेशिक रोजगारीमा जाने वाध्यात्मक अवस्थाको अन्य गर्नका लागि "आन्तरिक रोजगारिका अवसरमा वृद्धि र सामाजिक संरक्षणको प्रवर्द्धन" लक्ष्य निर्धारण गरेको छ।

## ४. कार्यक्रमको उद्देश्य

- प्रधानमन्त्री रोजगार कार्यक्रमले माथि उल्लेखित सोंच र लक्ष्य हासिल गर्न देहाय अनुसारका उद्देश्यहरु रहेका छन्ः
- बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्न आवश्यक रोजगार सेवा र सहायता प्रदान गर्ने,
- दक्ष तथा सक्षम जनशक्ति विकास गरी आन्तरिक रोजगारीको प्रवर्द्धन र विस्तार गर्ने,
- सरकारी, निजी, सहकारी तथा गैरसरकारी क्षेत्रहरुबीचको समन्वय र सहकार्यमा थप रोजगारीका अवसर सिर्जना गर्ने,
- आन्तरिक रोजगारी सिर्जनाका लागि आवश्यक नीतिगत र संरचनात्मक व्यवस्था गर्ने,

- सार्वजनिक पूर्वाधारहरुको निर्माण, स्तरोन्नति र विस्तारमा योगदान गर्ने,
- आन्तरिक रोजगारी सिर्जना सम्बन्धी अध्ययन अनुसन्धान गरी रोजगारीका नयाँ क्षेत्रहरुको पहिचान गर्ने ।

## ५. कार्यक्रमको रणनीति :-

कार्यक्रमको रणनीतिः यस कार्यक्रमको कार्यान्वयन गर्न निम्नानुसारका रणनीतिहरु लिइनेछः

- स्थानीय स्तरमा रोजगारीको प्रवर्द्धनका लागि सार्वजनिक निर्माणका कार्यहरुमा सम्भव भएसम्म श्रममूलक प्रविधिको प्रयोग गर्ने ।
- रोजगारी सिर्जनाका लागि अन्तरक्षेत्रगत तथा अन्तरतहगत समन्वय गर्ने ।
- सीपमूलक तालिममार्फत बजारको माग अनुरुपको श्रमशक्ति विकास र आपूर्ति गर्ने ।
- तालिम, रोजगार सूचना तथा परामर्श र वित्तीय सहयोग मार्फत रोजगार तथा स्वरोजगारका अवसरहरुको सिर्जना गर्ने ।
- रोजगारी सिर्जनामा निजी, सहकारी तथा गैरसरकारी क्षेत्रसँग सहकार्य गर्ने ।
- रोजगार व्यवस्थापन सूचना प्रणालीको स्थापना मार्फत रोजगारी सम्बन्धी क्षेत्रगत तथ्याङ्क नियमित रुपमा अद्यावधिक गरी उपयोग गर्ने

## ६. रोजगार सेवा केन्द्रबाट सञ्चालित क्रियाकलापहरु

आ.व. २०८०/०८१ मा रोजगार सेवा केन्द्रले गरेका मुख्य मुख्य कृयाकलापहरु निम्न अनुसार रहेका छन् ।

### ६.१ बेरोजगार व्यक्तिहरुको सूची प्रकाशन

आर्थिक वर्ष २०७९/०८० को फाल्गुन महिनामा प्रत्येक वडा कार्यालयहरुमा संकलन गरिएका बेरोजगार व्यक्तिहरुका फारमहरुलाई चैत्र महिनामा गाउँपालिका स्थित रोजगार सेवा केन्द्र अनलाईन प्रणाली मार्फत भरीएका पुर्ण फारमहरुको सूची रोजगार सेवा केन्द्रले प्रत्येक वडा कार्यालयमा पठाईएको हो । वडा कार्यालयमा पठाईएको सूचीको सुरुको नम्बर बाट वजेटले खामे सम्मका व्यक्तिहरुलाई रोजगारीमा संलग्न गराईएको हो ।

### ६.२ अभिमुखीकरण कार्यक्रम संचालन

रोजगार सेवा केन्द्रले कार्तिक,मंसिर,पुष र माघ महिनामा वडा कार्यालय तथा रोजगारीमा संलग्न हुन चाहने व्यक्तिहरुलाई प्रधानमन्त्री रोजगार कार्यक्रम तथा छनौट भएका व्यक्तिहरुलाई कार्य अभीमुखीकरण कार्यक्रम संचालन गरीएको हो । जसमा वित्तिय साक्षरता का साथै दैनिक कामकाजमा आउने समस्यहरु तथा ति समस्याहरुको समामधानका उपायहरु समेत जानकारी गराईएको थियो ।

### ६.३ श्रमको सम्मान, राष्ट्रको अभियान कार्यक्रम

नेपालमा जातजातीका आधारमा काम वा पेशाको बाँडफाँट गरिएकोले उपलब्ध आन्तरिक रोजगारीका कतिपय अवसरहरूमा सामाजिक प्रतिष्ठाका कारण युवा श्रमशक्तिहरूलाई आकर्षण गर्न सकिरहेको हुँदैन। सामाजिक प्रतिष्ठाका कारण युवा श्रमशक्तिहरू विभिन्न कष्टहरू सहेर पनि वैदेशिक रोजगारीमा जाने बाध्यता रहेको छ । यसलाई निरुत्साहित गर्न *"श्रमको सम्मान, राष्ट्रको अभियान रणनीति, २०७८"* जारी भई कार्यान्वयनमा रहेको छ । श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको निर्देशन अनुसार श्रमको सम्मान, राष्ट्रको अभियान कार्यक्रम अन्तर्गत यस

गाउँपालिकामा तपसिलका कार्यक्रमहरु सञ्चालन गरिएको थियो ।जसमा तपसिल बमोजिमका उद्देश्यहरु राखिएका थिए ।

### ६.३.१ उद्देश्यहरु

श्रम तथा श्रमिकको मर्यादा अभिबृद्धी तथा आन्तरिक रोजगार प्रवर्द्धन गर्नु रणनीतिको दीर्घकालीन सोचलाई कार्यान्वयन गर्नका लागि यस श्रमको सम्मान,राष्ट्रको अभियान कार्यक्रमका निम्न अनुसारका उद्देश्यहरु रहेका छन ।

- रोजगारीको हकको प्रभावकारी कार्यान्वयन गरी नागरिकलाई न्यूनतम रोजगारीका अवसरमा संलग्न गराउने ।
- मुलुकको श्रम तथा रोजगारीका क्षेत्रमा न्यूनतम मानवीय मर्यादालाई कायम राख्न काम तथा श्रमिक प्रतिको धारणामा व्यवहारिक परिवर्तन ल्याउने ।
- श्रम तथा रोजगारीका क्षेत्रमा कुनै खास वर्ग वा समुदायलाई विशेष व्यवस्था गरेको वाहेक व्यक्तिको उत्पत्ति, धर्म, वर्ण, जातजाति, लिङ्ग, भाषा, क्षेत्र, वैचारिक आस्था वा अन्य सबै प्रकार भेदभावलाई न्यूनिकरण गर्दै लैजाने ।
- आन्तरिक रोजगारीका अवसरमा मुलुककै श्रमशक्तिको प्रयोग हुने वातावरण सृजना गर्न प्रवर्द्धनात्मक क्रियाकलाप संचालन गर्ने ।

### ६.३.२ कार्यक्रम सञ्चालन अवधी (Program Duration)

यस कार्यक्रम लाई व्यबस्थित र मरियादित तरिकाले मिति २०८० फाल्गुन १ गते देखी २०८० फाल्गुन २७ गते सम्म के.आई.सिंह गाउँपालिकाका विभिन्न वडा कार्यालय र वस्तीहरुमा सञ्चालन  गरिएको थियो । वडा कार्यालयमा वडा अध्यक्ष र गाउँ बस्तीहरुमा वडा सदस्यहरुको संयोजकत्वमा कार्यक्रम संचालन तथा कार्यान्वयन गरिएको थियो ।

### ६.३.३ सहभागी बिवरण (Detail of Participants)

श्रमको सम्मान,राष्ट्रको अभियान कार्यक्रममा प्रत्येक वडामा कम्तिमा २६ जना र बढीमा १०३ जना सम्म सहभागिहरुलाई आन्तरिक रोजगारी र बैदेशिक रोजगारीका बारेमा जानकारी गराउनुका साथै विभिन्न किसमका अभ्यासहरु मार्फत रोजगारीका लागि छनौट प्रकृया र बैदेशिक रोजगारीमा जादा भोग्नु परेका समस्याहरुका विषयहरुको बारेमा अन्तर्कृया गरिएको थियो ।

| मिति | वडा नं. | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| २०८०/११/२० | १ | ४९ | १० | ५९ |
| २०८०/११/१६ | २ | १६ | १० | २६ |
| २०८०/११/२१ | ३ | ७८ | २५ | १०३ |
| २०८०/११/२९ | ४ | ४२ | १६ | ५८ |
| २०८०/११/१४ | ५ | ३१ | २० | ५१ |

| | | | | |
|---|---|---|---|---|
| २०८०/११/१७ | ६ | २८ | १५ | ४३ |
| २०८०/११/१७ | ७ | ७० | ३० | १०० |
| **जम्मा** | | **३१४** | **१२६** | **४४०** |

### ६.१.४ छलफल गरिएको विषयवस्तु

श्रमको सम्मान, राष्ट्रको अभियान अन्तर्गत सञ्चालन भएको नगर/वडास्तरीय अभिमुखीकरण कार्यक्रममा निम्न विषयवस्तुहरु छलफल गरिएको थियो।

- नेपालको संविधानमा श्रम तथा रोजगार सम्बन्धी मौलिक हक तथा राष्ट्रिय नीति
- रोजगारीको हक सम्बन्धी ऐन तथा नियमावलीको संक्षिप्त जानकारी
- प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिकाको संक्षिप्त जानकारी
- श्रमको सम्मान, राष्ट्रको अभियान रणनीति, २०७८

### ६.१.५ उपलब्धिहरु (Achievements)

- गरिव तथा विपन्न वर्गले प्रधानमन्त्री रोजगार कार्यक्रमको बारेमा जानकारी प्रप्त गरी आ.व.२०८१/०८२ मा न्यूनतम रोजगारीमा संलग्न हुनको लागि फारम भरेको छ।
- रोजगारीको लागि फारम भर्न नसक्ने व्यक्तिहरुलाई रोजगार सेवा केन्द्रका कर्मचारीहरुको सहयोगमा फारम भर्नमा सहजीकरण गरिएको छ।
- बेरोजगार सूची वडा कार्यालयले निकाल्ने गर्दछ भनी भ्रममा परेका व्यकतिहरु तथा समुदायलाई हामीले गरेको अभिमूखीकरणले बेरोजगार सूची EMIS Software ले निकाल्ने गर्दछ भनी जानकारी प्राप्त गरेको छ।
- गउँघरमा चलनचल्तीमा रहेको ज्याला विभिदिकरणको बारेमा स्पस्टरुपमा समानकामको समान ज्याला पाउनु पर्छ भनि अभिमुखीकरणले महिलाहरुलाई सशक्त पारिएको छ। जसको कारणले अव उपरान्त ति महिला दिदिबहीनीहरुले आफ्नो ल्यालाको बारेमा बोल्न सक्ने गरी जानकारी गराइएको छ।
- कार्यस्थलमा हुने विभिन्न किसिमका हिंशात्मक कृयाकलापहरुलाई न्यूनिकरण गर्न यो सचेतनामुलक कार्यक्रमले सजगता ल्याएको देखिन्छ।

## ६.४ रोजगार सम्वाद मञ्च

प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा ४८ र एकीकृत श्रम तथा रोजगार सेवा सञ्चालन सम्बन्धी कार्यविधि, २०८० को दफा २१ मा रोजगार सम्वाद मञ्चको व्यवस्था गरिएको छ। रोजगारीको क्षेत्रमा रहेका अवसर तथा सम्भावनाको पहिचान गरी पालिका भित्र रहेका व्यरोजगार व्यक्तिहरुलाई स्थानिय ठाउमै रोजगारीमा संलग्न गराउने र स्वरोजगारलाई प्रथमिकतामा राख्नका लागि रोजगासर सम्बाद मञ्च कार्यक्रम संचालन गरिएको हो।

आन्तरिक तथा बाह्य रोजगारीमा देखिएका समस्याहरुको निदान र रोजगारी सिर्जनाका नवीनतम् उपाय एवं ढाँचा तथा विधिहरुको विकास गर्न, रोजगार नीति तथा कार्यक्रमका सम्बन्धमा आवश्यक सुझाव दिन, निजी, सहकारी तथा गैरसरकारी क्षेत्र र नागरिक समाज एवम् सञ्चार जगत समेतको सहभागिता रहने गरी रोजगार सम्वाद मञ्चको संचालन गरिएको हो ।

## ६.५ रोजगार रणनीति तर्जुमा

देशमा बढदै गईरहेको बेरोजगारीको समस्यालाई समाधान गर्न तथा अन्तरिक रोजगारीका पर्याप्त अवसरहरुको कमीका कारण रोजगारीका लागि वैदेशिक रोजगारीमा जाने बाध्यात्मक अवस्थालाई निरुत्साहित गर्न स्थानीय तहभित्रै आन्तरिक रोजगारीका पर्याप्त अवसरहरु सिर्जना गर्न रोजगारीका सम्भावित क्षेत्रहरुको पहिचान गरि आवश्यक्ता अनुसार सीपयुक्त, दक्ष, प्रतिस्पर्धी र क्षमतावान जनशक्ति तयार गरि श्रम बजारमा आपूर्ति गर्ने अभिप्रायले मिति २०८० मंसिर महिना देखी २०८१ असार १० गते सम्म रोजगार रणनीतिक योजना तर्जुमा सम्बन्धी सुझाव संकलन कार्यशाला गोष्ठीको आयोजना गरिएको थियो । सुझाव संकलन कार्यशाला गोष्ठीबाट प्राप्त राय सुझाव र नेपालको संविधान, रोजगारीको हक सम्बन्धी ऐन, कानून, रणनीति आदिमा भएको प्रावधानहरुलाई समेत मध्यनजर गरी रोजगार रणनीतिक योजना मस्यौदा तयार गरिएको थियो । उक्त मस्यौदा उपर छलफल गर्न मिति २०८१ असार महिनामा कार्यपालिकामा आवश्यक छलफल गरी पञ्चवर्षिय रोजगार रणनीतिक योजना २०८१/०८२ देखी २०८५/०८६ के.आई.सिंह गाउँपालिकाको १५ औं गाउँ सभाले पारित गरी प्रकाशन गरिएको हो ।

के.आई.सिंह गाउँपालिकाभित्रका सबै नागरिकलाई सुरक्षित र मर्यादित रोजगारीका अवसर उपलब्ध गराउन, श्रमिकहरुको आधारभूत अधिकार सुनिश्चित गर्दै रोजगारीसंग अन्तरसम्बन्धित रहेका गरिबी न्यूनीकरण, सीप तथा क्षमताको विकास, रोजगारीका अवसरमा विपन्न वर्गको पहुँच स्थापना गर्न, आन्तरिक तथा वैदेशिक रोजगारीका अवसरहरूको जानकारी उपलब्ध गराउन, आन्तरिक रोजगारी सिर्जनाका लागि रोजगार प्रवर्द्धन गर्न, श्रम बजारको माग बमोजिमको रोजगारमूलक तथा सीपमूलक तालिम सञ्चालन गर्न, रोजगारीका सम्भावना तथा अवसरहरूको पहिचान गर्न, स्वरोजगारका अवसर सम्बन्धी जानकारी उपलब्ध गराउन, स्थानीय तहमा रहेका रोजगारदाताको प्रोफाइल निर्माण गर्न, रोजगार विनिमय सेवा, उद्यमशिलता विकास, सुरक्षित आप्रवासन, वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र शोषणमुक्त बनाउन तथा वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूलाई पुनः एकीकरण लगायतका विषयमा एकीकृत रुपमा सेवा प्रवाह गर्ने उद्देश्य राखेर के.आई.सिंह गाउँपालिकाले रोजगार रणनीतिक योजना, २०८१ जारी गरेको छ ।

## ६.६ पुनः श्रम स्वीकृति

वैदेशिक रोजगारीलाई थप व्यवस्थित, सुरक्षित, मर्यादित, भरपर्दो तथा सहज बनाउन मिति २०७९/१२/१६ गतेको नेपाल सरकार (सम्माननीय प्रधानमन्त्री तथा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री) स्तरीय निर्णय अनुसार मिति २०८० बैशाख १ गते देखि वैदेशिक रोजगारीमा जानेहरु व्यक्तिहरुको व्यक्तिगत श्रम स्वीकृति र पुनः श्रम स्वीकृतिका लागि स्थानीय तहको रोजगार सेवा केन्द्रबाट नै आवेदन गर्ने कार्य हुने भए बमोजिम यस गाउँपालिका अन्तर्गत रहेका रोजगार सेवा केन्द्र मार्फत मिति २०८० बैशाख ३ गते देखि आवेदन गर्न सकिने व्यवस्था गरिएको थियो । जसमा यस आर्थिक वर्षमा यस गाउँपालिकाबाट १ जना व्यक्तिले पुन:श्रमस्वीकृति लिई बैदेशिक रोजगारीमा जानु भएको थियो । जसको विवरण निम्न अनुसार रहेको छ ।


| क्र.सं | श्रम स्वुकृति लिने व्यक्तिको नाम | ठेगाना | गन्तब्य मुलुकको नाम | कैफियत |
|---|---|---|---|---|
| १ | योगेन्द्र बहादुर बम | के.आई.सिंह ०१ | मलेसिया | |

## ६.७ बेरोजगार व्यक्तिको लगत संकलन

रोजगारीको हक सम्बन्धी ऐन,२०७५ रोजगारीको हक सम्बन्धी नियमावली,२०७५ र प्रधानमन्त्री रोजगार कार्यक्रम निर्देशिका,२०७५ मा भएको व्यवस्था अनुसार आ.व.२०७९/०८० को फागुन महिना प्रत्येक वडा कार्यालयमा बेरोजगार फारम भराउनको लागि वडा सचिवहरुलाई अनुशिक्षण र जनप्रतिनिधिलाई अभिमुखीकरण पश्चात गाउँपालिकाका सवै वडा कार्यलयहरुमा निवेदन दर्ता गर्न सूचना प्रकाशन गरिएको थियो। सर्वसाधारणको जानकारीको लागि उक्त सूचनालाई स्थानीय एफ. एम. रेडियो, गाउँपालिकाको फेसवुक पेज र वेभसाइट को साथै यस गाउँपालिका एवं अन्तर्गतका कार्यालयहरुको सूचना पाटीमा समेत सूचना टाँसिएको थियो। तत् पश्चात हरेक वडा कार्यालयहरुमा निशुल्क रुपमा निवेदन फारम पाउने व्यवस्था गरिएको थियो। गाउँपालिका भरिमा कुल १०९५ जना वेरोजगार व्यक्तिहरुले रित पूर्वक निवेदन दर्ता गराएको थियो। जसमा १३९ जना पुरुष र ९५६ जना महिलाहरुको संख्या रहेको थियो। निवेदन दिनेहरुमा महिलाको सहभागिता अधिक रहेको थियो। शैक्षिक योग्यता भएका वेरोजगार व्यक्तिहरुको निवेदन थौरै रहेको थियो भने निरक्षर व्यक्तिहरुको निवेदन बढी दर्ता गराएका थिए।


### ६.५.१ लिंगका आधारमा वडागत वेरोजगार व्यक्तिहरुको बिवरण

| वडा नं. | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| १ | २६ | १४९ | १७५ |
| २ | ११ | २०३ | २१४ |
| ३ | १६ | ९० | १०६ |
| ४ | २२ | १६१ | १८३ |
| ५ | ३२ | १४८ | १८० |
| ६ | १४ | १११ | १२५ |
| ७ | १८ | ९४ | ११२ |
| जम्मा | १३९ | ९५६ | १०९५ |





### ६.५.२ जातजातिका आधारमा वेरोजगार व्यक्तिहरुको विवरण

| क्र.स. | जातजाती | संख्या |
|---|---|---|
| १ | आदिवासी जनजाती | ३८ |
| २ | दलित | ४२६ |
| ३ | ब्रहामण | १४८ |
| ४ | क्षेत्री | ४८२ |




### ६.५.३ उमेर समूहका आधारमा वेरोजगार व्यक्तिहरुको विवरण

| क्र.स. | उमेर समुह | संख्या |
|---|---|---|
| १ | १८-४० | ६६६ |
| २ | ४१-५९ | ४२९ |



### ६.६ श्रोत अनुसार रोजगारीमा संलग्न व्यक्तिहरुको विवरण

| क्र.स. | श्रोत | रोजगारीमा संलग्न संख्या |
|---|---|---|
| १ | नेपाल सरकार | ३५ जना |
| २ | युवारुप (IDA) | ४० जना |

## ७. आयोजनाको अनुगमन तथा मूल्याङ्कन

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना र नेपाल सरकारबाटको श्रोत बाट संचालित आयोजनाहरुको प्राविधिक सहायक सहित रोजगार संयोजक, प्रमुख प्रशासकीय अधिकृत, योजान शाखा प्रमुख तथा वडा अध्यक्ष द्वारा अनुगमन गर्ने गरिएको थियो । आयोजना अनुगम गर्दा लागत अनुमान अनुसार र कामका लागि पारीश्रमिकमा आधारित समुदायिक  आयोजना (संचालन तथा व्यवस्थापन कार्यविधि),२०७७ अनुसार कार्य भए नभएको हेरिएको थियो । श्रमिकहरुलाई कार्यक्रमको बारेमा धारणा राख्न लगाउदा कार्यक्रममा लागत अनुमान अनुसारको कार्य गर्नुपर्ने र ज्याला बाफतको रकम श्रमिकको व्यक्तिगत बैंक खातामा आउने भएकाले कार्यक्रम पारदर्शी रहेको भन्ने सुझाव प्राप्त गरेको ।

## ८. कार्यक्रमका मुख्य उपलव्धीहरु

नेपालको संविधानमा रहेका मौलिक हक हरु मध्ये धारा ३३ मा रहेको रोजगारीको हकलाई कार्यान्वयन गर्न यो कार्यक्रम सञ्चालित गरिएको हो । यस कार्यक्रम मार्फत न्यूनतम रोजगारीको प्रत्याभूतिको काम गरिन्छ । रोजगारीमा संलग्न हुन नपाएका वेरोजगार ब्यक्तिहरुको जीवन निर्वाह गर्न उनीहरुलाई न्यूनतम रोजगारीको मार्फत कम्तीमा पनि १०० दिनको रोजगारी स्थानीय स्तर मै उपलब्ध गराउने गरिन्छ । शुरु शुरुमा यो कार्यक्रम मार्फत बेरोजगार ब्यक्तिहरुले बेरोजगार भत्ता पाउने भन्ने बुझाई रहेकोमा हाल सो धारणामा समेत परिवर्तन आएको छ । आ.व.२०८०/०८१ मा यस गाउँपालिकामा यस कार्यक्रम बाट ७५ जना व्यक्तिहरुले औषतमा करिब ९८ दिन बराबरको रोजगारी प्राप्त गरेको हो । जसमा ८ वटा आयोजनाहरुको कार्यान्वयन भएको थियो ।

- श्रमको सम्मान, राष्ट्रको अभियान कार्यक्रम संचालन गरिएको ।
- रोजगार सम्वाद मञ्च सम्बन्धि कार्यक्रम संचालन भएको ।
- स्थानीय रोजगार रणनीतिक योजना तर्जुमा गरिएको,
- सार्वजनिक पूर्वाधारहरुको मर्मत गरिएको ।

## ९. कार्यक्रमका अवसरहरु

यस गाउँपालिकामा सञ्चालित प्रधानमन्त्री रोजगार कार्यक्रमवाट रोजगारीका क्षेत्रमा विभिन्न अवसरहरुको सृजना भएको छ । आगामी दिनहरुमा यस कार्यक्रममा देखिएका समस्या, चुनौती र जटिलताहरुलाई समयमै समाधान गर्दै आन्तरिक रोजगारीका अवसरहरु सृजना एवं प्रवर्द्धन गरी अवसरहरुलाई साकार पार्न सकिन्छ । कार्यक्रम संचालनको क्रममा देखिएका अवसरहरुलाई बुँदागत रुपमा तल प्रस्तुत गरिएको छ ।

- न्यूनतम रोजगारीको प्रत्याभूतिको लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन रहिरहनु ।
- सामन कामको समान ज्यालाको प्रत्याभुती गरराउनु ।
- श्रम प्रति सम्मान अभिवृद्धि गर्न श्रमको सम्मान, राष्ट्रको अभियान कार्यक्रम सञ्चालन हुनु ।
- रोजगारदाता र वेरोजगार व्यक्तिहरुको सहजताको रोजगार सेवा केन्द्र मार्फत रोजगार विनिमय सेवा सञ्चालनको लागि आधार तयार हुदै जानु ।
- बेरोजगार युवाहरुलाई स्थानीय स्तर मै रोजगारीमा पदस्थापनका लागि मागका आधारमा सीप विकास तालिम सञ्चालन हुने व्यवस्था हुनु ।
- पुनः श्रम स्वीकृति सम्बन्धी सेवा स्थानीय तहबाट शुरु हुनु ।
- न्यूनतम् पारिश्रमिकको कानूनी व्यवस्था हुनु ।
- रोजगार सेवा केन्द्रलाई रोजगार वैकको रुपमा विकास गर्न सकिने ।

## १०. कार्यक्रमका चुनौतीहरु

के.आई.सिंह्य गाउँपालिकामा संचालित प्रधानमन्त्री रोजगार कार्यक्रमलाई आगामी दिनमा थप व्यवस्थित एवं प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यक औजार, उपकरण तथा निर्माण सामग्री र कन्टेनजेन्सी वापतको बजेट व्यवस्थापन गर्नु, स्थानीय तहको लागत साझेदारीको अझै प्रभावकारी बनाउनु, रोजगार सेवा केन्द्रलाई सक्षम र सबल बनाउनु, विभिन्न सरोकारवालहरुसंग समन्वय र सहकार्यको कमी हुनु, प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका आयोजना सञ्चालनका लागि छुट्टै प्राविधिक नर्म्स (Norms) नहुनु , स्थानिय तहले कार्यक्रमको अपनत्व गर्हण गर्न नसक्नु , बेरोजगार व्यक्तिहरुको तथ्याङ्क संकलनमा सही तथ्याङ्क उपलब्ध हुन नसक्नु आदि मुख्य चुनौतीको रुपमा रहेको देखिन्छ ।

## ११. सल्लाह र सुझावहरु

रोजगार सेवा केन्द्रबाट सञ्चालन हुने प्रधानमन्त्री रोजगार कार्यक्रम लगायत अन्य कार्यक्रमहरुलाई आगामी दिनमा थप प्रभावकारी रुपमा सञ्चालन गर्न निम्न सुझावहरु रहेका छन :-

- स्थानिय तहले कार्यान्वयन गर्ने आयोजनाहरुमा उपभोक्ता समितिको सट्टा रोजगार उपभोक्ता समितिबाट कार्य गराउनु पर्ने ,
- रोजगार सेवा केन्द्रलाई स्थानिय तहको एउटा शाखाको रुपमा संचालन गर्न दर्वन्दी सृजना गरी रोजगार सम्बन्धी आन्तरिक तथा बैदेशिक रोजगारी सम्बन्धी कार्य स्थानिय स्तरमै गर्नु पर्ने ,
- निजी, सहकारी तथा गैर सरकारी क्षेत्रसँग समन्वय र सहकार्य गरी विभिन्न क्षेत्रहरूमा थप रोजगारीका अवसरहरू सिर्जना गर्नु पर्ने,

- श्रमिकमा हुने क्षमता तथा सीप अभावका कारणले श्रम बजारमा दक्ष श्रमिकको माग र आपूर्ति बिचको अन्तर लाई कम गर्न रोजगारी सृजना हुन सक्ने क्षेत्रको पहिचान गरी सो क्षेत्रमा चाहिने आवश्यक दक्ष जनशक्ति तयार गरी श्रम बजारमा आपूर्ति गर्नु पर्ने,
- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी र परिणाममुखी रूपमा सञ्चालन गर्न स्थानीय तहले यस कार्यक्रम प्रति अपनत्ववोध गर्नु पर्ने,
- बेरोजगार व्यक्तिको सूचीमा सूचिकृत हुन रोजगार सेवा केन्द्रमा निवेदन दिएका व्यक्तिहरू वास्तविक रूपमा बेरोजगार हो वा होईन भनि प्रमाणित गर्ने काम स्थानीय तहको रहेको हुनाले स्थानीय तहले निष्पक्ष, प्रतिबद्ध र जनतामुखी हुनु पर्ने,
- विभिन्न निकायहरूबाट सञ्चालन हुने व्यावसायिक तथा सीपमूलक तालिमहरूमा रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगारहरूलाई पहिलो प्राथमिकता दिने वा केही प्रतिशत सूचिकृत बेरोजगारहरूको लागि छुट्याउने गरी नीतिगत व्यवस्था हुनु पर्ने,
- तीनै तहका सरकार वा निजी क्षेत्रहरूले आयोजना सञ्चालन गर्दा रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगार ब्यक्तिहरूलाई नै काममा लगाउनु पर्ने,
- आन्तरिक रोजगारी सृजना गर्न रोजगारदाताको पहिचान गर्ने काम अविलम्ब सुरु गर्नु पर्ने,
- गरिबी तथा बेरोजगारी अन्तर सम्बन्धित विषय भएकोले गरिबी तथा विपन्न वर्गको पहिचान गर्ने काम रोजगार सेवा केन्द्र मार्फत नै सञ्चालन गरिनु पर्ने नीति अवलम्बन गर्नु पर्ने,
- तीनै तहका सरकारलाई स्वयंसेवक परिचालन गर्नु पर्ने खण्डमा रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगार व्यक्तिहरूलाई नै परिचालन गर्ने नीतिगत व्यवस्था गर्नु पर्ने,
- स्थानीय रोजगार रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयनको लागि श्रोत व्यवस्थापन गर्नु पर्ने।

## १२. वित्तीय प्रगति

यस गाउँपालिकामा युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना सञ्चालन गर्न रु. २६ लाख ७२ हजार र नेपाल सरकार श्रोतबाट कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन गर्न रु. २३ लाख ८० हजार बजेट विनियोजन गरिएको थियो ।रोजगार सेवा केन्द्र संचालन तथा व्यववस्थापन गर्न र कार्यालयमा रहेका कर्मचारीहरुको पारिश्रमिक लगायतका विभिन्न शिर्षकमा रु.२३ लाख १७ हजार रकम सहित जम्मा रु. ७३ लाख ६९ हजार रकम मध्ये रु ६७ लाख ३८ हजार ७६२ खर्च भएकोमा जुन करिव ९२ प्रतिशत हुन आउछ। युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजनाको करिव ८९.५६ प्रतिशत र नेपाल सरकार श्रोत मार्फत प्राप्त रकमको ९६.२३ प्रतिशत रकम खर्च भएको छ। विस्तृत वित्तीय प्रगति विवरण अनुसूची २ मा रहेको छ।

## १३. निश्कर्ष

प्रत्येक वर्ष नेपालको श्रम वजारमा करिव ५ लाख जनशक्ति थपिने गर्दछ । श्रम वजारमा थपिने श्रमशक्तिको अनुपातमा वजारमा रोजगारी पर्याप्त हुन नसकेको अवस्था छ । देश विकास तथा मुलुकको समृद्धिका लागि जोस, जाँगर र उत्साहले भरिएका युवाको ज्ञान, सीप र श्रम शक्तिलाई उपयोग गर्नु जरुरी छ । नेपालको श्रम बजारमा रोजगारीका अवसरहरुको सृजना तथा प्रवर्धन गर्नु अपरिहार्य रहेको छ । श्रम बजारमा उपलब्ध अवसरहरु अनुरुपको सीपयुक्त जनशक्तिको विकास गर्नु पनि त्यत्तिकै जरुरी छ । संघीयताको मर्म अनुसार रोजगारी व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय तीनै तहको सरकारको साझेदारी र सहकार्यको पनि उतिकै आवश्यक छ ।

गरीवी र पछौटेपन एउटानिरिह अवस्था हो । जसको दुसचक्रमा फसेको व्यक्तिहरुलाई गरिबीबाट बाहिर ल्याउन त्यसको आर्थिक अवस्थमा सुधार ल्याउनु पर्ने हुन्छ । जसका लागि रोजगारीको आवश्यकता पर्ने गर्दछ । नेपालको संविधानको धारा ३३ मा भएको रोजगारी सम्बन्धी हकलाई कार्यान्वयन गर्नका लागि रोजगारीको अवसर सम्बन्धी सूचना उपलब्ध गराउने, रोजगारमूलक तथा सीपमूलक तालीम प्रदान गर्ने, बैङ्क तथा वित्तीय संस्था मार्फत सहुलियतपूर्ण ऋण उपलब्ध गराउने, स्वरोजगार सृजना गर्ने जस्ता बेरोजगार सहायता कार्यक्रम सञ्चालन गरी प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत देशमा आन्तरिक रोजगारी सृजना गर्ने तिर ध्यान केन्द्रित गरी यस कार्यक्रमलाई अगाडी बढाउनु उपयुक्त देखिन्छ ।

के.आई.सिंह गाउँपालिकामा संचालन भएको प्रधानमन्त्री रोजगार कार्यक्रम जनता माझ लोकप्रिय बन्दै गएको छ। जसको पुष्टि कार्यक्रम फेरि कहिले देखि सुरु हुन्छ भन्दै वेरोजगार व्यक्तिहरुले वारम्वार रोजगार सेवा केन्द्रमा फोन तथा संपर्क गर्नुले पुष्टी हुन्छ । गाउँघरमा महिला तथा विपन्न वर्गलाई दिनभरी काम गराएर उपयुक्त पारीश्रमिक नदिने अवस्थाले गर्दा हाम्रो यस कर्यक्रमले समान कामको समान ज्याला प्रदान गरिने भएकाले कार्यक्रमको प्रभावकारीतामा बृद्धि भएको देखिन्छ । यसलाई गाउँपालिकाका अन्य भौतिक पूर्वाधारका योजनाहरुसंग जोडेर रोजगार उपभोक्ता समिति मार्फत कार्यान्वयनमा लैजान सके र रोजगारदाताहरुलाई गाउँपालिकामा सूचीकृत गर्न सके यो कार्यक्रम देशकै एउटा उत्कृष्ट र सफल कार्यक्रम हुने देखिन्छ ।

## अनुसूची १

### रोजगार आयोजनामा काम गर्ने व्यक्तिहरुको पारिश्रमिक रकम भुक्तानी बिवरण

**आयोजनाको नाम:-मोहन्यालमाण्डौ मा वि सौचालय निर्माण र स्वास्थ्य कार्यालय जाने सडक मर्मत सम्भार**

**ठेगाना:-के.आई.सिंह ०१,लोली**

**बजेट श्रोत :-IDA**

| क्र.सं. | श्रमिकको नाम थर | नागरिकता प्र.प.नं. | लाभग्राही परिचय प्र.नं. | बैंक खाता नं. | काम गरेको दिन | दैनिक ज्याला दर रु. | जम्मा रकम रु. | कैफीयत |
|---|---|---|---|---|---|---|---|---|
| १ | जोगेनी देवी कामी | ६८३०२१-३०४ | 7060671826201 | 10602008337000 10 | ९३.९० | ६६८ | ६२७२५.२० | |
| २ | पदमा कुमारी बोहरा कठायत | ६८-०१-७४-०२२२४ | 7060671830311 | 10602008337000 11 | ९३.९० | ६६८ | ६२७२५.२० | |
| ३ | वासु देवी कामी | ६८३०२१-३०८ | 7060671826901 | 10601284574000 11 | ९३.९० | ६६८ | ६२७२५.२० | |
| ४ | कृषना देबि दमाई | ६८३०२१-२३८ | 7060671830821 | 10601766828000 14 | ९३.९० | ६६८ | ६२७२५.२० | |
| ५ | सरस्वति कुमारि बम | ६८-०१-७८-०४८७१ | 7060671825801 | 10602273330000 14 | ९४.०० | ६६८ | ६२७९२.०० | |
| ६ | निर्मला भट्ट पनेरु | ६८३०३६-१६८ | 7060671826011 | 10602047189000 15 | ९४.०० | ६६८ | ६२७९२.०० | |
| ७ | निर्मला देबि पनेरु | ६८३०२१-९६६ | 706067188112 | 10601737200000 16 | ९४.०० | ६६८ | ६२७९२.०० | |
| ८ | निर्मला लुहार | ६८-०१-७९-०४२४७ | 7060671830431 | 10602273326000 17 | ९४.०० | ६६८ | ६२७९२.०० | |
| ९ | धौलि कुमारि ऐर | ६८-०१-७६-०१६३८ | 706067189784 | 10601821011000 16 | ९४.०० | ६६८ | ६२७९२.०० | |
| १० | भगवती बम | ६८३०११-११५ | 7060671830361 | 10621100787001000000 1 | ९३.९० | ६६८ | ६२७२५.२० | |
| ११ | खिमा कुमारी चन्द बम | ६८-०१-७६-०२७४० | 7060671820781 | 10601885761000 18 | ९३.९० | ६६८ | ६२७२५.२० | |
| | **जम्मा** | | | | १०३३.४० | | ६९०३११.२ | |

**आयोजनाको नाम:-जनता आ वि देखी मौडा सडक सम्म पक्की बाटो निर्माण तथा दलित वस्ति खा पा मर्मत सम्भार**

**ठेगाना:-के.आई.सिंह ०२, मौडा**

**बजेट श्रोत :- नेपाल सरकार**

| क्र.सं. | श्रमिकको नाम थर | नागरिकता प्र.प.नं. | लाभग्राही परिचय प्र.नं. | बैंक खाता नं. | काम गरेको दिन | दैनिक ज्याला दर रु. | जम्मा रकम रु. | कैफीयत |
|---|---|---|---|---|---|---|---|---|
| १ | गगने कामि | ६८१०२१-१२४२ | 7060671833781 | 10602273323000 16 | ९९.८ | ६६८ | ६६६६६.४ | |
| २ | पार्भती देवी जेठारा | ६८३०२१-३७९ | 7060671816921 | 10601820673000 17 | ९९.८ | ६६८ | ६६६६६.४ | |
| ३ | भिम टमटा | १०-३११९८-४०२ | 7060671833861 | 10601820665000 12 | ९९.८ | ६६८ | ६६६६६.४ | |
| ४ | जमुना वि क | ६८-०१-७७-०६४१४ | 7060671817801 | 10601807484000 18 | ९९.८ | ६६८ | ६६६६६.४ | |
| ५ | सत्ती देवी कामी | ६८-०१-७६-०४१२७ | 7060671817851 | 10601820665000 12 | ९९.९ | ६६८ | ६६७३३.२ | |
| ६ | जगु लुहार | ६८३०२१-३९५ | 7060671833911 | 10601710757000 27 | ९९.८ | ६६८ | ६६६६६.४ | |
| ७ | सिता देवी कामी | ६८३०२१-५१५ | 7060671818181 | 10601827350000 10 | ९९.९ | ६६८ | ६६७३३.२ | |
| ८ | देउसरा देवी दमाई | ६८-०१-७५-०४३७१ | 7060671816791 | 10601820704000 18 | ९९.९ | ६६८ | ६६७३३.२ | |
| ९ | धनी देवी भुल | ६८३०२१-८२ | 7060671817571 | 10601766833000 18 | ९९.८ | ६६८ | ६६६६६.४ | |
| १० | चन्नरी देवी कामी | ६८३०२१-१३७ | 7060671817371 | 10602268589000 14 | ९९.८ | ६६८ | ६६६६६.४ | |
| ११ | धनी देवी कामी | ६८३०२१-१४७ | 7060671818481 | 10601269459000 12 | ९९.८ | ६६८ | ६६६६६.४ | |
| १२ | सरु जेठारा | ६८३०२१-३७८ | 7060671817691 | 10602271385000 16 | ९९.८ | ६६८ | ६६६६६.४ | |
| जम्मा | | | | | ११९७.९ | | ८००१९७.२ | |

**आयोजनाको नाम:- देउरोडी देखी जंगार सम्म बाटो मर्मत सम्भार**

**ठेगाना:-के.आई.सिंह ०३, जंगार**

**बजेट श्रोत :- नेपाल सरकार**

| क्र.सं. | श्रमिकको नाम थर | नागरिकता प्र.प.नं. | लाभग्राही परिचय प्र.नं. | बैंक खाता नं. | काम गरेको दिन | दैनिक ज्याला दर रु. | जम्मा रकम रु. | कैफीयत |
|---|---|---|---|---|---|---|---|---|
| १ | गुमा देवी मल्ल | १०-२९८६४ | 7060671822651 | 10602286172000 14 | 98.7 | ६६८ | ६५९३१.६ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | एकता साउद बडैला | ६८-०१-७७-००६५० | 7060671833121 | 10601725222000 13 | 98.7 | ६६८ | ६५९३१.६ | |
| ३ | सुन्तली देवी मल्ल | ६८३०३६-७८ | 7060671822751 | 10601820980000 16 | 98.7 | ६६८ | ६५९३१.६ | |
| ४ | दुर्गा पार्की | ६८-०१-७९-०४१०३ | 7060671833081 | 10602286166000 13 | 98.7 | ६६८ | ६५९३१.६ | |
| ५ | सरस्वती बिस्ट | ६८१०२५-४९६८ | 7060671826591 | 10601820855000 17 | 98.7 | ६६८ | ६५९३१.६ | |
| ६ | हिमा भुल | ६८-०१-७८-०३४२० | 7060671826991 | 10601820970000 17 | 98.7 | ६६८ | ६५९३१.६ | |
| ७ | महा भुल | ६८१०३६-५०५ | 7060671813581 | 1060205123900010 | 98.7 | ६६८ | ६५९३१.६ | |
| | **जम्मा** | | | | ६९०.९ | | ४६१५२१.२ | |

**आयोजनाको नाम:- पुल देखी पक्की सडक बाटो र झिमे जाने बाटो निर्माण तथा मर्मत सम्भार**

**ठेगाना:- के.आई.सिंह ०४, वायल**

**बजेट श्रोत :-IDA**

| क्र.सं. | श्रमिकको नाम थर | नागरिकता प्र.प.नं. | लाभग्राही परिचय प्र.नं. | बैंक खाता नं. | काम गरेको दिन | दैनिक ज्याला दर रु. | जम्मा रकम रु. | कैफीयत |
|---|---|---|---|---|---|---|---|---|
| १ | लक्ष्मी वि क | ६८-०१-७७-०६६५१ | 7060671828541 | 10601664625000 12 | 99.6 | ६६८ | ६६५३२.८ | |
| २ | दुर्गा कामी | ६८-०१-७८-०३२५७ | 7060671827651 | 10601719007000 15 | 99.6 | ६६८ | ६६५३२.८ | |
| ३ | दिपा वि क | ६८-०१-७९-०३९२४ | 7060671828521 | 10602267229000 10 | 99.6 | ६६८ | ६६५३२.८ | |
| ४ | राधा कामी | ६८-०१-७३-०१८६१ | 7060671828681 | 10600625523000 16 | 99.6 | ६६८ | ६६५३२.८ | |
| ५ | धौली कामी | ६८-०१-७८-००१०७ | 7060671827571 | 10601664785000 13 | 99.6 | ६६८ | ६६५३२.८ | |
| ६ | शारदा खड्का | ६८-०१-७५-०४३९२ | 7060671827821 | 10601912617000 11 | 99.6 | ६६८ | ६६५३२.८ | |
| ७ | कमला वि क | ६८-०१-७३-०३९२६ | 7060671828411 | 10600623555000 11 | 99.6 | ६६८ | ६६५३२.८ | |
| ८ | दिपा ओड | ६८-०१-७७-०३६०५ | 7060671819271 | 10601888989000 13 | 99.6 | ६६८ | ६६५३२.८ | |
| ९ | भगवती कुमारी बि क ओड | ६८-०१-७६-००३९३ | 7060671819051 | 10601652087000 13 | 99.6 | ६६८ | ६६५३२.८ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १० | मुना पुनमगर बुढामगर | ६८-०१-७५-०३९१४ | 7060671831221 | 10601636344000 19 | 99.6 | ६६८ | ६६५३२.८ | |
| ११ | पार्वती देवी कार्की | ६८१०२६-१०७६ | 7060671814931 | 10600890469000 18 | 99.6 | ६६८ | ६६५३२.८ | |
| १२ | कौशिला दमाई | ६८-०१-७७-०६२७२ | 7060671827751 | 10602267237000 15 | 99.6 | ६६८ | ६६५३२.८ | |
| **जम्मा** | | | | | ११९५.२ | | ७९८३९३.६ | |

**आयोजनाको नाम:- वडा कार्यालय घेरवार तथा मर्मत सम्भार**

**ठेगाना:- के.आई.सिंह ०५, रानागाउँ**

**बजेट श्रोत :-IDA**

| क्र.सं. | श्रमिकको नाम थर | नागरिकता प्र.प.नं. | लाभग्राही परिचय प्र.नं. | बैंक खाता नं. | काम गरेको दिन | दैनिक ज्याला दर रु. | जम्मा रकम रु. | कैफीयत |
|---|---|---|---|---|---|---|---|---|
| १ | मिना कठायत | ६८-०१-७५-०४५४३ | 7060671824901 | 10601737656000 11 | ९७.५ | ६६८ | ६५१३०.०० | |
| २ | दिपा कूमारी जोशी | ६८-०१-७७-०२१९४ | 7060671825451 | 10601576625000 18 | ९७.५ | ६६८ | ६५१३०.०० | |
| ३ | हिरा नेगी | ६८१०४२-८९५ | 7060671828671 | 01802019951000 11 | ९७.५ | ६६८ | ६५१३०.०० | |
| ४ | बाटु नेपाली | ६८-०१-७९-०११३९ | 7060671828881 | 01801883270000 13 | ९७.५ | ६६८ | ६५१३०.०० | |
| ५ | कल्पना ताम्राकार | ६८-०१-७९-०२२९५ | 7060671828181 | 01802243092000 16 | ९७.५ | ६६८ | ६५१३०.०० | |
| ६ | देवी सार्की | ६८-०१-७६-०११५२ | 7060671828281 | 01802241758000 13 | ९७.५ | ६६८ | ६५१३०.०० | |
| ७ | अनिता कुमारि पातलि | ६८१०१०-८०३ | 7060671825131 | 01801513078000 19 | ९७.५ | ६६८ | ६५१३०.०० | |
| ८ | राधा पार्की | ६८-०१-७५-०२५४३ | 7060671828001 | 10601264123000 17 | ९७.५ | ६६८ | ६५१३०.०० | |
| ९ | कुमारि देवि राणा | ६८१०४२-७५८ | 7060671824631 | 01802243090000 12 | ९७.५ | ६६८ | ६५१३०.०० | |
| १० | खिमुली जोशी | ६८१०४२-६६९ | 7060671825601 | 01801821086000 10 | ९७.५ | ६६८ | ६५१३०.०० | |
| ११ | सरु देवी मल्ल | ६८३०४२-१४८ | 7060671827851 | 01801737674000 11 | ९७.५ | ६६८ | ६५१३०.०० | |
| **जम्मा** | | | | | १०७२.५ | | ७१६४३०.०० | |

**आयोजनाको नाम:- सिलिङ्ग्याल देखी फलेडी सम्म पक्की बाटो निर्माण**
**ठेगाना:- के.आई.सिंह ०६, फलेडी**
**बजेट श्रोत :- नेपाल सरकार**

| क्र.सं. | श्रमिकको नाम थर | नागरिकता प्र.प.नं. | लाभग्राही परिचय प्र.नं. | बैंक खाता नं. | काम गरेको दिन | दैनिक ज्याला दर रु. | जम्मा रकम रु. | कैफीयत |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रतिभा बिस्ट | ६८३०३७-५७ | 7060671824111 | 10601509759000 18 | ९६.३१ | ६६८ | ६३६९१.७३ | |
| २ | हिरा देवी टमट्टो | ६८-०१-७३-०१७०७ | 7060671829151 | 10601737957000 19 | ९६.३१ | ६६८ | ६३६९१.७३ | |
| ३ | कलापति जैसि | १०-२४४६७ | 7060671824021 | 10602268330000 12 | ९६.३१ | ६६८ | ६३६९१.७३ | |
| ४ | निर्मला भट्ट | ६८-०१-७४-०२५७५ | 7060671824091 | 01801722685000 15 | ९६.३१ | ६६८ | ६३६९१.७३ | |
| ५ | चादनि भन्डारि बलायर | ६८-०१-७४-०२१३८ | 7060671824371 | 10602261527000 13 | ९६.३१ | ६६८ | ६३६९१.७३ | |
| ६ | रुपा भण्डारी बलायर | ६८१०३०-१०८० | 7060671830011 | 10601572238000 14 | ९६.३१ | ६६८ | ६३६९१.७३ | |
| ७ | मनु कुमारी बम | ६८-१०-७५-००५६३ | 7060671830071 | 10602043144000 18 | ९६.३१ | ६६८ | ६३६९१.७३ | |
| ८ | गौरी देवी जोशी | ८३१५-१४६२-०५३ | 7060671830081 | 10601452464000 14 | ९६.३१ | ६६८ | ६३६९१.७३ | |
| **जम्मा** | | | | | ७७०.५ | | ५०९५३३.८४ | |

**आयोजनाको नाम:- बलरगाउँ सैन देखी सिमाईले भराण सम्म पक्की बाटो निर्माण**
**ठेगाना:- के.आई.सिंह ०७, बलरगाउ**
**बजेट श्रोत :- नेपाल सरकार**

| क्र.सं. | श्रमिकको नाम थर | नागरिकता प्र.प.नं. | लाभग्राही परिचय प्र.नं. | बैंक खाता नं. | काम गरेको दिन | दैनिक ज्याला दर रु. | जम्मा रकम रु. | कैफीयत |
|---|---|---|---|---|---|---|---|---|
| १ | नर्मा देवी बलायर | ६८३०३७-१८५ | 7060671832831 | 01801737327000 16 | 96.3 | ६६८ | ६४३२८.४ | |
| २ | दिपा भट्ट | ६८-०१-७८-०५०५९ | 7060671832541 | 01802270300000 16 | 96.3 | ६६८ | ६४३२८.४ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | कृष्ण नेपाली | ६८-०१-७३-०४०४८ | 7060671811871 | 01802104843000 16 | 96.3 | ६६८ | ६४३२८.४ | |
| ४ | मिना देवी ढोली | ६८३०३७-५०९ | 7060671812861 | 10602131896000 10 | 96.3 | ६६८ | ६४३२८.४ | |
| ५ | सरु देवी ढोली | ६८३०३७-२८३ | 7060671832621 | 01802262442000 14 | 96.3 | ६६८ | ६४३२८.४ | |
| ६ | पार्वती पार्की | ६८-०१-७३-०००११ | 7060671832531 | 01801711495000 14 | 96.3 | ६६८ | ६४३२८.४ | |
| ७ | जानकी देवी तिरुवा | ६८३०३७-२२१ | 7060671832951 | 10601824614000 10 | 96.3 | ६६८ | ६४३२८.४ | |
| ८ | कलु तिरुवा | २०००-०४६ | 7060671832891 | 01801199815000 14 | 96.3 | ६६८ | ६४३२८.४ | |
| **जम्मा** | | | | | ७७०.४ | | ५१४६२७.२० | |

**आयोजनाको नाम:- गउँपालिका जाने सडक र वडा नं ५ को वडा कार्यालय पर्खाल मर्मत सम्भार**

**ठेगाना:- के.आई.सिंह ४ र ५**

**बजेट श्रोत :-IDA**

| क्र.सं. | श्रमिकको नाम थर | नागरिकता प्र.प.नं. | लाभग्राही परिचय प्र.नं. | बैंक खाता नं. | काम गरेको दिन | दैनिक ज्याला दर रु. | जम्मा रकम रु. | कैफीयत |
|---|---|---|---|---|---|---|---|---|
| १ | बाटु टोमटो | ६८-०१-७५-०३७०१ | 7060671813431 | 01801559569000 14 | 98.51 | ६६८ | ६५८०४.६८ | |
| २ | डम्मरा देवी कार्की | ६८३०२६-३५ | 7060671818991 | 10600817241000 11 | 98.51 | ६६८ | ६५८०४.६८ | |
| ३ | कलापती कुवर | ६८३०२६-४५४ | 7060671819211 | 10600868149000 10 | 98.51 | ६६८ | ६५८०४.६८ | |
| ४ | पार्वती सार्की | ६८३०४२-४८२ | 7060671827951 | 01802315289000 16 | 98.51 | ६६८ | ६५८०४.६८ | |
| ५ | खिमा कामी | ६८३०२६-६५८ | 7060671828461 | 10600623022000 16 | 98.50 | ६६८ | ६५७९८.०० | |
| ६ | डुमरी कामी | ६८३०२६-६४५ | 7060671828571 | 10600676881000 19 | 98.50 | ६६८ | ६५७९८.०० | |
| **जम्मा** | | | | | ५९१.०४ | | ३९४८१४.७२ | |

# अनुसूची -२

## प्रधानमन्त्री रोजगार कार्यक्रमको बार्षिक आर्थिक बिवरण

| क्र.सं. | श्रोत | बजेट उपशिर्षक | शिर्षक | क्रियाकलाप कोड | वार्षिक विनियोजित रकम | कूल निकाशा रकम | कूल खर्च रकम | बजेट बाँकि | निकासा वाँकी | कूल खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | नेपाल सरकार | ३७१००१०२ | रोजगार संयोजकको तलव | २.५.७.५ | ५६८,000.00 | ५६८,000.00 | ५६७,९५७.00 | ४३ | ० | ९९.९९% |
| २ | नेपाल सरकार | ३७१००१०२ | रोजगार संयोजकको स्थानीय भत्ता | २.५.७.६ | १४२,000.00 | १४२,000.00 | ४७,२८0.00 | ९४,७२0.00 | ० | ३३.३0% |
| ३ | नेपाल सरकार | ३७१००१०२ | रोजगार संयोजकको पोसाक | २.५.७.७ | १0,000.00 | १0,000.00 | १0,000.00 | ० | ० | १00% |
| ४ | नेपाल सरकार | २७१००१०२ | रोजगारी सृजना अनुदान | २.७.३.७ | २,३८0,000.00 | २,३८0,000.00 | २,२९0,३४४.४३ | ८९,६५५.५७ | ० | ९६.२३% |
| **कूल नेपाल सरकार (३७१००१०२)** | | | | | **३,१00,000.00** | **३,१00,000.00** | **२,९१५,५८१.४३** | **१८४,४१८.५७** | **०** | **९४.0५%** |
| ५ | आई.डि.ए. | ३७१००१०३ | प्राविधिक सहायकको तलव | २.५.७.८ | ४५२,000.00 | ४५२,000.00 | ४५१,४९0.00 | ५१0 | ० | ९९.८९% |
| ६ | आई.डि.ए. | ३७१००१०३ | प्राविधिक सहायकको स्थानीय भत्ता | २.५.७.९ | ९३,000.00 | ९३,000.00 | ३८,५२0.00 | ५४,४८0.00 | ० | ४१.४२% |
| ७ | आई.डि.ए. | ३७१००१०३ | प्राविधिक सहायकको पोसाक | २.५.७.१0 | १0,000.00 | १0,000.00 | १0,000.00 | ० | ० | १00% |
| ८ | आई.डि.ए. | ३७१००१०३ | रोजगार सहायकको तलव | २.५.३.५ | ४५२,000.00 | ४५२,000.00 | २0८,३८0.00 | २४३,६२0.00 | ० | ४६.१0% |
| ९ | आई.डि.ए. | ३७१००१०३ | रोजगार सहायकको स्थानीय भत्ता | २.५.३.६ | ९३,000.00 | ९३,000.00 | १९,२६0.00 | ७३,७४0.00 | ० | २0.७१% |
| १0 | आई.डि.ए. | ३७१००१०३ | रोजगार सहायकको पोसाक भत्ता | २.५.३.७ | १0,000.00 | १0,000.00 | १0,000.00 | ० | ० | १00% |
| ११ | आई.डि.ए. | ३७१००१०३ | रोजगार सेवा केन्द्रको सुदृढिकरण | ११.३.७.६ | २00,000.00 | २00,000.00 | २00,000.00 | ० | ० | १00% |
| १२ | आई.डि.ए. | ३७१००१०३ | रोजगारी सृजना अनुदान | २.७.३.८ | २,६७२,000.00 | २,६७२,000.00 | २,५९८,५३0.२0 | ७३,४६९.८0 | ० | ९७.२५% |
| १३ | आई.डि.ए. | ३७१००१०३ | श्रमको सम्मान राष्ट्रको अभियान | २.७.२५.१३१ | ६0,000.00 | ६0,000.00 | ६0,000.00 | ० | ० | १00% |
| १४ | आई.डि.ए. | ३७१००१०३ | स्थानीय तहको रोजगार रणनीति तर्जुमा | २.७.२८.१३५ | ५0,000.00 | ५0,000.00 | ५0,000.00 | ० | ० | १00% |
| १५ | आई.डि.ए. | ३७१००१०३ | रोजगार संवाद मञ्चको सञ्चालन | २.७.२८.१३६ | ३0,000.00 | ३0,000.00 | ३0,000.00 | ० | ० | १00% |
| १६ | आई.डि.ए. | ३७१००१०३ | रोजगार सेवा केन्द्रको लागी मसलन्द | २.४.१.७ | ७८,000.00 | ७८,000.00 | ७८,000.00 | ० | ० | १00% |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | खर्च | | | | | | | |
| १७ | आई.डि.ए. | ३७१००१०३ | अन्य विविध खर्च | २.९.९.७ | २४,000.00 | २४,000.00 | २४,000.00 | ० | ० | १००% |
| १८ | आई.डि.ए. | ३७१००१०३ | सञ्चालित रोजगार आयोजनाहरुको अनुगमन/निरिक्षण | २.८.१.१० | ४५,000.00 | ४५,000.00 | ४५,000.00 | ० | ० | १००% |
| **कूल आई.डि.ए. (३७१००१०३)** | | | | | ४,२६९,000.00 | ४,२६९,000.00 | ३,८२३,१८०.२० | ४४५,८१९.८० | | ८९.५६% |
| **जम्मा रकम** | | | | | ७,३६९,000.00 | ७,३६९,000.00 | ६,७३८,७६१.६३ | ६३०,२३८.३७ | | ९१.८१% |

# अनुसूची -३

## प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित आयोजनाहरुको बिवरण

| क्र.सं | आयोजनाको नाम | आयोजनाहरु ठेगाना | काम गर्नु पर्ने क्षेत्र | श्रमिक संख्या | आयोजना सञ्चालन दिन | रोजगारी सिर्जना भयको दिन संख्या |
|---|---|---|---|---|---|---|
| १ | **मोहन्यालमाण्डौ मा वि सौचालय निर्माण र स्वास्थ्य कार्यालय जाने सडक मर्मत सम्भार** | वडा न.१ (लोली) | शिक्षा | ११ | १०० | १०४२.८ |
| २ | **जनता आ वि देखी मौडा सडक सम्म पक्की बाटो निर्माण तथा दलित वस्ति खा पा मर्मत सम्भार** | वडा न.२ (मौडा) | सडक यातायात | १२ | १०० | ११९७.६ |
| ३ | **देउरोडी देखी जंगार सम्म बाटो मर्मत सम्भार** | वडा न.३ (देउरोडी) | सडक यातायात | ७ | १०० | ६९७.९ |
| ४ | **पुल देखी पक्की सडक बाटो र झिमे जाने बाटो निर्माण तथा मर्मत सम्भार** | वडा न.४ (वायल) | सडक यातायात | १२ | १०० | ११७१.२ |
| ५ | **वडा कार्यालय घेरवार तथा मर्मत सम्भार** | वडा न.५ (केदारगाउँ) | सर्वजनिक पूर्वाधार | ११ | १०० | १०७२.५ |
| ६ | **सिलिङ्ग्याल देखी फलेडी सम्म पक्की बाटो निर्माण** | वडा न.६ (फलेडी) | सडक यातायात | ८ | १०० | ७७०.४८ |
| ७ | **बलरगाउँ सैन देखी सिमाईले भराण सम्म पक्की बाटो निर्माण** | वडा न.७ (बलरगाउँ) | सडक यातायात | ८ | १०० | ७७०.४ |
| ८ | **गउँपालिका जाने सडक र वडा नं ५ को वडा कार्यालय पर्खाल मर्मत सम्भार** | वडा न.५ (केदारगाउँ) | सर्वजनिक पूर्वाधार | ६ | १०० | ५९१.०४ |
| **जम्मा** | | | | ७५ | | ७३१३.९ |

# अनुसूची -४

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत   फोटाहरु

आयोजनाको नाम:-मोहन्यालमाण्डौ मा वि सौचालय निर्माण र स्वास्थ्य कार्यालय जाने सडक मर्मत सम्भार

ठेगाना:-के.आई.सिंह ०१,लोली

बजेट श्रोत :-IDA





आयोजनाको नाम:-जनता आ वि देखी मौडा सडक सम्म पक्की बाटो निर्माण तथा दलित वस्ति खा पा मर्मत सम्भार

ठेगाना:-के.आई.सिंह ०२, मौडा

बजेट श्रोत :- नेपाल सरकार



आयोजनाको नाम:- देउरोडी देखी जंगार सम्म बाटो मर्मत सम्भार
ठेगाना:-के.आई.सिंह ०३, जंगार
बजेट श्रोत :- नेपाल सरकार





आयोजनाको नाम:- पुल देखी पक्की सडक बाटो र झिमे जाने बाटो निर्माण तथा मर्मत सम्भार

ठेगाना:- के.आई.सिंह ०४, वायल

बजेट श्रोत :-IDA




आयोजनाको नाम:- वडा कार्यालय घेरवार तथा मर्मत सम्भार

ठेगाना:- के.आई.सिंह ०५, रानागाउँ

बजेट श्रोत :-IDA



आयोजनाको नाम:- सिलिङ्ग्याल देखी फलेडी सम्म पक्की बाटो निर्माण
ठेगाना:- के.आई.सिंह ०६, फलेडी

बजेट श्रोत :- नेपाल सरकार




Shot on OnePlus
By Birusarowar

आयोजनाको नाम:- बलरगाउँ सैन देखी सिमाईले भराण सम्म पक्की बाटो निर्माण

ठेगाना:- के.आई.सिंह ०७, बलरगाउ

बजेट श्रोत :- नेपाल सरकार





आयोजनाको नाम:- गउँपालिका जाने सडक र वडा नं ५ को वडा कार्यालय पर्खाल मर्मत सम्भार

ठेगाना:- के.आई.सिंह ४ र ५

बजेट श्रोत :-IDA


Shot on OnePlus
By Birusarowar

